सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १७६ ♦ २०८१ साल माघ २२ गते मंगलवार ♦ 4 Feb 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# प्रदेशसभा स्थापनाको सात वर्ष पूरा :सुस्त गतिमा बैठक र कार्यान्वयनमा आउन सकेको छैन बनाइएको अधिकांश कानूनहरु

**खबर दर्पण समाचारदाता**

**माघ २१ गते, बर्दिवास**



मधेस प्रदेशसभाले आज ७ वर्ष पूरा गरेको छ । सात वर्षअघि आजकै दिन मधेस प्रदेशसभाको पहिलो बैठक बसेको थियो । पहिलो बैठक बसेको दिनको स्मरणमा मधेस प्रदेशसभाले प्रत्येक वर्ष विशेष कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाउँदै आएको छ ।

प्रदेशसभा स्थापनाको सात वर्ष पूरा भए पनि प्रदेशसभाले गति पाउन सकेको छैन । एकातर्फ मधेस प्रदेशसभाको बैठक सुस्त गतिमा चलिरहेको छ भने अर्कोतर्फ यसले बनाएको अधिकांश कानूनहरु कार्यान्वयनमा समेत आउन सकेको छैन ।

नेकपा एमालेकी प्रदेशसभा सदस्य शारदादेवी थापा प्रदेशसभाको काम कारवाहीप्रति असन्तुष्टि जनाउँछिन् । 'अधिकांश समय सदन सुचारु हुँदैन । सरकारले भन्छ विजनेश छैन् । हामीलाई फिल्डमा जाँदा समस्या हुन्छ, सम्बोधन गर्ने प्रदेशसभाखुलेको हुँदैन, कहाँगएर हामीजनताको सरोकारको विषयहरु सम्बोधन गर्ने ? सन्तुष्ट हुने अवस्था छैन्', उनले भनिन् ।

थापाले प्रदेशसभाबाट बनेको कानून सम्बन्धमा जनतालाई थाहा समेत नरहेको बताउँछिन् । 'हामी एउटा कोठामा बसेर कानून निर्माण गर्छौं । कोठामा बसेको कानूनले फिल्डका जनताले थाहा पाएनन् कानून बनेको छ', उनी अगाडि भनिन्, 'तपाईहरूलाई कानून बनाइदिउँ भनेर न हामी भन्न जान्छौं, न उहाँहरू सोध्नुहुन्छ । न कानूनी प्रक्रियाको गतिविधि त्यो खालको छ । त्यो कानूनी प्रक्रिया नै अलि कमजोर छ ।' सांसद थापाले कानून निर्माण गर्दा सम्बन्धीत व्यक्तिसँग सुझावसमेत संकलन गर्ने नगरिएको बताइन् ।

नेकपा एकीकृत समाजवादी पार्टीका सांसदन रत्नेश्वर गोइतले प्रदेशसभाको दोस्रो कार्यकालमा प्रदेशसभाको गति सन्तोषजनक रहेको बताए । उनले प्रदेशसभाको गति जुन

*बाँकी पृष्ठ २ मा*

# मधेश प्रदेश सभाले समृद्धि र विकासमा नेतृत्वदायी भूमिका खेल्नुपर्ने : प्रदेश प्रमुख

**खबर दर्पण समाचारदाता**

**माघ २१ गते, बर्दिवास**

मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मधेश प्रदेश सभाले समृद्धि, विकास तथा सामाजिक विकृति उन्मूलन गर्न नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताउनुभएको छ।

सातौं वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै उहाँले प्रदेश सभामाथि लाग्ने आरोप चिर्न आर्थिक अनुशासन आवश्यक रहेको उल्लेख गर्नुभयो। साथै, संघीयता र गणतन्त्रको संस्थागत विकासका लागि प्रदेश सरकार र सभासद्हरूले प्रभावकारी भूमिका खेल्नुपर्ने बताउनुभयो।

मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश सरकारले विभिन्न बाधा र व्यवधानका बाबजुद सुशासन र विकासका लागि निरन्तर कार्यरत रहेको र यसको परिणाम चाँडै देखिने बताउनुभयो।

सभामुख रामचन्द्र मण्डलले संघीय शासन प्रणाली लागू भएपछि मधेशका गाउँहरू शहरमा रूपान्तरण हुँदै गएको उल्लेख गर्नुभयो।

भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले प्रहरी समायोजनसहितको संघीयतालाई बलियो बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले प्रदेशको समृद्धि र विकासका लागि शिक्षामा लगानी वृद्धि अपरिहार्य रहेको बताउनुभयो।

खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले प्रदेश सभाले सुशासन र विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाली कांग्रेसका नेता राम सरोज यादवले मधेश प्रदेशको समृद्धिका लागि प्रहरी तथा निजामती कर्मचारीको शीघ्र समायोजन आवश्यक रहेको बताउनुभयो। वार्षिकोत्सव कार्यक्रममा विभिन्न दलका नेताहरूले शुभकामना व्यक्त गरे।




यस अवसरमा सर्वोत्कृष्ट प्रदेश सभा सदस्यका रूपमा जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादव र सर्वोत्कृष्ट कर्मचारीका रूपमा रेडियो नेपालका प्राविधिक अधिकृत इन्द्र कुमार बहर खेललाई सम्मानपत्र तथा नगदसहित प्रदेश प्रमुख भण्डारीले सम्मान गर्नुभयो। कार्यक्रममा विविध खेलकुद प्रतियोगिताका विजयी प्रदेश सभा सदस्यहरू र कर्मचारीहरूलाई पनि प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५



# स:मिल मिलबाट ठुलो मात्रामा अवैध सालको काठ बरामद



**खबर दर्पण समाचारदाता**

**माघ २१ गते, जनकपुरधाम**

धनुषाधाम नगरपालिका -१ मा रहेको एक स:मिल मिलबाट ठुलो मात्रामा अवैध सालको काठ बरामद गरिएको छ। डिभिजन वन कार्यालय धनुषाका कर्मचारीले चिरान मिलमा छापा मारेर काठ बरामद गरेका हुन् ।

डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले प्रमोद ठाकुरको स्वामित्वमा रहेको स:मिलबाट मिलबाट १३९ क्यूफिट साल प्रजातिको काठ र एक थान काठ काट्ने कटर मेसिन बरामद गरिएको बताउनुभयो । अवैध रूपमा लुकाएर राखिएको काठको सूचना पाएपछि वन कार्यालयले स्थानीय प्रहरीसँग समन्वय गरी छापा मारेको उहाँले जानकारी दिनुभयो । बरामद काठ र मेसिन वन कार्यालयको नियन्त्रणमा छ ।

यसैगरी, पुष्पवलपुर सवडिभिजन वन कार्यालय र भाटीघारी सामुदायिक वनका पदाधिकारी हरूको संयुक्त गस्ती टोलीले धनुषाको मिथिला नगरपालिका -३, लालभितिबाट १० थान साल जातको गोलिया बरामद गरेको छ। वन क्षेत्रबाट अवैध रूपमा काठ ओसारपसार भइरहेको थाहा पाएपछि टोलीले काठ बरामद गरेको हो ।

वन संरक्षण अधिकारीले धनुषामा अवैध काठ तस्करी रोक्न थप कदम चाल्ने बताएका छन् । डिभिजनल प्रमुख सिंहले भन्नुभयो, "अवैध काठ ओसार -पसारमा संलग्न कुनै पनि व्यक्ति वा समूहलाई कानुनी कारबाही गरिनेछ । धनुषाका विभिन्न क्षेत्रमा वन अपराध नियन्त्रणका लागि सुरक्षा गस्तीलाई थप प्रभावकारी बनाउने योजना अघि सारिएको छ ।"

वन क्षेत्रको संरक्षण र वन पैदावारको अनियमिततामा रोक लगाउन वन कर्मचारी र स्थानीय समुदायबिच सहकार्य आवश्यक भएको उहाँले बताउनुभयो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो
- दैनिक घाम ताप्ने गरौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**


# दुधमती मन्दिरमा प्रत्येक वर्ष सरस्वती पूजाको दिन मुण्डन मेला




**खबर दर्पण समाचारदाता**

**माघ २१ गते, महेन्द्रनगर**

धनुषाको महेन्द्रनगरस्थित दुधमती मन्दिरमा प्रत्येक वर्ष सरस्वती पूजाको दिन मुण्डन मेला लाग्ने गरेको छ। दनुवार समुदायले सो मेला महोत्सवको आयोजना गर्दै आएका छन्। त्यस दिन दनुवार समुदायले आफ्नो बालबालिकाको पहिलो कपाल मुण्डन गरी दुधमती मन्दिरमा चढाउने चलन छ। परापूर्वकालदेखि सरस्वती पूजाकै दिन यस मन्दिरमा आएर दनुवार समुदायका बालबालिकाको कपाल मुण्डन गर्ने चलन रहेको स्थानीयको भनाइ छ।

स्थानीय मनोज दनुवारका अनुसार यो परम्परा परापूर्वकालदेखि हालसम्म पनि चल्दै आएको छ। पूर्वजको सम्झनामा यहाँस्थित मन्दिरमा दनुवार समुदायका बालबालिकाको कपाल मुण्डन गरी चढाउने चलन रहेको उहाँले बताउनुभयो। देशभरका दनुवार समुदाय आआफ्नो बालबालिकाको कपाल मुण्डन गराउन यसै स्थानमा आउने गरेको उहाँको भनाइ छ।

स्थानीय बासिन्दा मनोजले भन्नुभयो, "जहाँसुकै बसोबास गरे पनि दनुवार समुदायले आफ्नो कपाल मुण्डन गराउने ठाउँ यहीँ हो। यस दिन हजारको सङ्ख्यामा दनुवार समुदाय यहाँ आउने गरेका छन्। त्यसैले त्यस दिन मेला महोत्सवको आयोजना गरेर दनुवार समुदायको संस्कृति झल्किने कार्यक्रमसमेत गरिँदै आएको छ।"

यो समुदाय परम्परागतकालदेखि नै बालकको पहिलो कपाललाई अशुद्धताको प्रतीक मानिन्छ। दुधमती मन्दिरमा मुण्डन गराई देवीलाई चढाएपछि बालकको जीवन पवित्र र शुभ हुने विश्वास यो समुदायमा रहँदै आएको छ। सरस्वती पूजा जस्तो पवित्र दिनमा मुण्डन गराउनुले धार्मिक आस्था र सांस्कृतिक झल्काउने गरेको छ। केही ऐतिहासिक, धार्मिक र सांस्कृतिक मान्यता भएकाले यो समुदाय पुस्तौँदेखि निरन्तर यसको पालना गर्दै आएको उहाँले बताउनुभयो।

स्थानीय बबिता सिंहले दुधमती मन्दिर दनुवार समुदायको धार्मिक र सांस्कृतिक केन्द्रविन्दु भएको बताउनुभयो। उहाँका अनुसार यो स्थान दनुवार समुदायको पूर्वजप्रतिको श्रद्धा व्यक्त गर्ने थलोका रूपमा पनि परिचित छ। सरस्वती पूजाको दिन देशभरिका दनुवार यस मन्दिरमा भेला हुने गरेकाले सो अवसरमा दनुवार समुदायको संस्कृति झल्किने महोत्सवको पनि आयोजना गरिन्छ।

उहाँले यो मुण्डन महोत्सवले समुदायका सदस्यलाई मात्र नभई अन्य स्थानीय बासिन्दालाई पनि जोड्ने काम गरेको जानकारी दिनुभयो।

हरेक वर्ष आयोजना हुने यो महोत्सवले समुदायभित्रको एकता बलियो बनाउनुका साथै नयाँ पुस्तालाई परम्पराको महत्व बुझाउन महत्वपूर्ण भूमिका खेल्दै आएको उहाँको भनाइ छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रदेशसभा स्थापनाको...

हिसाबले हुनुपर्ने थियो त्यस अनुसार नभए पनि निराश हुने अवस्था नरहेको बताए। यसलाई बुस्ट गर्नुपर्ने आवश्यकता रहेको उनले बताए।

उनले भने, 'बुस्टअप दुई तीनवटा कुराले हुन्छ। एउटा सरकारको नेतृत्वबाट, ठिक समयमाकामलाई सम्पादन गर्ने, ठिक समयमा बाधाअड्चनलाई फुकाउने र ठिकठिक समयमा आवश्यक परेको विधेयक कानूनहरु निर्माण गरेर जनतालाई दिने र बेलाबेलामा जनताको भावना बुझ्नलाई जानुपर्छ। तर त्यो एकदम कम छ।'

यस्तै, जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक राम अशिष यादवले पहिलो कार्यकालमा प्रदेशसभाको गति राम्रो रहे पनि दोस्रो कार्यकालमा त्यस्तो नरहेको बताए।

उनले भने, 'पहिलो कार्यकालमा नयाँ उमंगका साथ आएको थियो। त्यतिबेला राजनीतिक समिकरणमा पनि मधेशवादी दल पनि मजबुत अवस्थामा थियो। त्यतिखेर संघीयताको स्थापनाकालको विषयमा कानून बनाउनेदेखि लिएर गतिशिल लाग्थ्यो। तर दोस्रो कार्यकालमा अलि सुस्त देखिन्छ। अब त्यो सुस्त हुनुको कारण हो सरकारले प्रदेशसभालाई बिजनेश दिने तर सरकारले बिजनेश दिन सकेको छैन्।'

प्रमुख सचेतक यादवले सरकारले एकातर्फ विकासे बजेट खर्च गर्न नसकिरहेको र अर्को तर्फ प्रदेशसभालाई गतिशिल गर्नका लागि बिजनेशसमेत दिन नसकिरहेको टिप्पणी गरे। उनले बनेको कानून कार्यान्वयनका लागि नियमावली, निर्देशिका बनाउनु पर्नेमा अहिलेको सरकारले त्यो पनि बनाउन नसकेको आरोप लगाए।

## सात वर्षमा ३२२ बैठक

मधेस प्रदेशसभाको सात वर्षको अवधिमा कुल ३२२ वटा बैठक मात्र बसेको छ। सात वर्षमा २ हजार ५५५ दिन भएकोमा ३ सय २२ दिन मात्र बैठक चलेको हो। यस हिसाबले प्रदेशसभाको बैठक औषतमा प्रत्येक ८ दिनमा एक पटक बस्ने गरेको छ।

मधेस प्रदेशसभाको सचिवालयका अनुसार यस सात वर्षको अवधिमा प्रदेशसभामा ४ सय ६८ घण्टा २५ मिनेट बैठक चलेको हो। प्रदेशसभामा कुल ३ सय २२ वटा बैठक बसेकाले औषतमा डेढ घण्टाभन्दा पनि कम बैठक बस्ने गरेको हो। प्रदेशसभाका प्रवक्ता विपिन ठाकुरका अनुसार प्रदेशसभाको पहिलो ५ वर्षमा ९ वटा अधिवेशनमा २२६ वटा बैठक बस्दा कुल ३ सय ११ घण्टा १५ मिनेट बैठक चलेको थियो।

यस्तै, प्रदेशसभाको दोस्रो कार्यकालमा चारवटा अधिवेशनमा ९६ वटा बैठक बस्दा प्रदेशसभा १ सय ५७ घण्टा १० मिनेट सञ्चालन भएको हो।

प्रदेश सभाको पहिलो कार्यकालमा ५५ वटा विधेयक पारित भएर ऐन बन्दा दोस्रो कार्यकालमा संशोधनसहितका १६ वटा विधेयक दर्ता हुँदा १२ वटा पारित भएको प्रवक्ता ठाकुरले बताए।

यस्तै, दुई वटा विधेयक समितिमा विचाराधीन छ भने एउटामाथि सदनमा छलफल चलिरहेको छ। यस अवधिमा प्रदेशको कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल नहुँदै प्रदेश सरकारले फिर्ता लिएको छ।

मधेस प्रदेशसभामा यस सात वर्षको अवधिमा मधेस सरकारले ८ वटा नीति तथा कार्यक्रम र बजेट ल्याएको छ। यस सातवर्षको अवधिमा तीनजना मधेस प्रदेशको मुख्यमन्त्री बन्दा उनीहरूले ८ पटक प्रदेशसभामा विश्वासको मतको प्रस्तावको सामना गरेका छन्। पहिलो कार्यकालमा तत्कालिन मुख्यमन्त्री लालबाबु राउतले दुई पटक विश्वासको मतको सामना गरेका थिए भने प्रदेशसभाको दोस्रो कार्यकालमा सरोजकुमार यादवले पाँच पटक र वर्तमान मुख्मयन्त्री सतिशकुमार सिंहले एक पटक विश्वासको मतको सामना गरेका हुन्।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**मटिहानी नगरपालिका**
**महोत्तरी**


GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८१।१०।२२

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कृषी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरीवा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

### तपसिल

**ऋणीको विवरण:**

१. नाम : कमला माई माछा पालन केन्द्र प्रा.लि.कम्पनी दर्ता नं.स २६२१८५/७७/०७८कम्पनी दर्ता मिति:२०७८/०१/०३कम्पनी दर्ता भएको कार्यालयस्कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंपान नं.स ६०९९९९१३८पान दर्ता मितिस्२०७८/०१/०३ ठेगाना: औरही-०२, महोत्तरी

अख्तियार प्राप्त व्यक्ति कृष्ण कुमार सहनी

**सूरक्षण बापत धितोको विवरण:**

१.खटर साहको नाती श्रीचन साह तेलीको छोरा महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बर्ष ४० को राम छविला साहको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.७/क स्थित कि.न.६१३, क्षेत्रफल ०-७-१२.५-०, कि.न.३५८, क्षेत्रफल ०-२-८.५-० र महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.९/क स्थित कि.न. ७७१, क्षेत्रफल ०-१-१३.५-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापाल समेत।

२.राजाराम सहनीको नाती दुखी सहनी मलाहको छोरा महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बर्ष ५४ को महेशी सहनीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.९/क स्थित कि.न. ७८८, क्षेत्रफल ०-६-१३.७५-० को जग्गार सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापाल समेत।

३.सियाराम महतोको नाती रामविर महतोको छोरा महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बर्ष ३७ को हरि नारायण महतोको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.९/क स्थित कि.न. ६५४, क्षेत्रफल ०-१-१६-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापाल समेत।

४.ठकन साहको नाती खटर साह तेलीको छोरा महोत्तरी जिल्ला वलवा गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बर्ष ८५ को श्रीचन साह तेलीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.७/क स्थित कि.न. ६१४, क्षेत्रफल ०-७-१२.५-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापाल समेत।

५. विन्देश्वर सहनीको बुहारी रुदल सहनीको छोरी शिव कुमार सहनीको एकाघरकी श्रीमती महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बर्ष ३६ की समुन्द्री कुमारी सहनीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.७/क स्थित कि.न. ६३५, क्षेत्रफल ०-०-१०-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापाल समेत।

**व्यक्तिगत जमानीकर्ताहरु**

**कृष्ण कुमार सहनी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्नेबुवा : महेशी सहनी
हजुरबुवा : दुखी सहनी मलाहना.प्र.नं. १८२०६४/१०१५मिति : २०७२/१०/१२ जि.प्र.का. महोत्तरी

**शिव कुमार सहनी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा.वडा नं. ०२ बस्नेबाबु : बिन्देश्वर सहनीहजुर बुवा : दाहु महतोना.प्र.नं. ०३३५३६७७मिति : २०६२/०९/१७ जि.प्र.का. महोत्तरी

**राम छविला साह**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : श्रीचन साह तेली
हजुरबुवा : खटर साह तेली ना.प्र.न. ०३३५३६०५मिति : २०६२/०१/१८ जि.प्र.का. महोत्तरी

**हरि नारायण महतो**
ठेगाना : महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : रामवीर महतो
हजुरबुवा : सिया राम महतो ना.प्र.नं. ०३३५३४०४ मिति : २०५८/१०/३० जि.प्र.का. महोत्तरी

**महेशी सहनी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्नेबाबु : दुखी सहनी मलाह
हजुरबुवा : राजाराम सहनी ना.प्र.नं. ०३३६२६५८ मिति : २०४६/१२/२० जि.प्र.का. महोत्तरी

**विन्देश्वर सहनी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : दाहु सहनी
हजुरबुवा : ना.प्र.नं. ०३३५२७५३ मिति : २०४७/१२/२२ जि.प्र.का. महोत्तरी

**समुन्द्री कुमारी सहनी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्नेबाबु : रुदल सहनी
ससुरा : विन्देश्वर सहनी श्रीमान : शिव कुमार सहनी ना.प्र.नं. १८२०६४/११५३ मिति : २०७३/०६/२० जि.प्र.का. महोत्तरी

**श्रीचन साह तेली**
ठेगाना : महोत्तरी जिल्ला वलवा गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : खटर साह तेली
हजुरबुवा : ठकन साह ना.प्र.नं. ०७४४२०८७ मिति : २०३५/१०/१५ जि.प्र.का. महोत्तरी

राम कुमारी देवी
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : भरोसी साह
ससुरा : श्रीचन साह तेली श्रीमान : राम छविला साह ना.प्र.नं. १८३०६४/२३ मिति : २०६३/१०/२० जि.प्र.का. महोत्तरी

**रमिता कुमारी देवी**
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०२ बस्ने बाबु : राम लाल महतो
हजुरबुवा : रामवीर महतो श्रीमान : हरि नारायण महतो ना.प्र.नं. १८३०६४/३३९ मिति : २०६३/१०/२३ जि.प्र.का. महोत्तरी

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाडौं, पो.ब.नं. ८८६७
फोन : ४५४४०३९, फ्याक्स: ४४४३७१४
Email : info@goodwill.net.np

**शाखा कार्यालयहरु**

| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | बिर्तामोड | नेपालगंज |
|---|---|---|---|---|---|---|---|---|
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१००३७ | ०२५-५८७७५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ | ईलाम | फिदिम | बुटवल | बर्दिबास | धनगढी | नवलपुर | गैडाकोट | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०९४९ | ०२४-५२३०६८ | ०७१-५३७२८२ | ०४४-५५०२९१ | ०९१-४१७३५७ | ०४६-६७००६० | ०७१-५०१४११ | ०७१-५९०९६३ |

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

# तराजुमा लक्ष्मी भन्दा सरस्वती हलुका



जनकपुरधामको जानकी चौकका युवाहरु हरेक वर्ष जस्तै यस वर्ष पनि कलात्मक मुर्ती स्थापित गरि सरस्वती पुजा मनाएको छ। जानकी मन्दिर कै उत्तर छेउमा अति व्यस्त जानकी चौकमा हरेक वर्ष सान्दर्भिक सन्देश दिने देवी सरस्वतीको मुर्ती स्थापित गरि युवाहरु धुमधामका साथ यो दिन मनाउने गरेका छन्। माता सरस्वतीको मुर्ती छेउमै एउटा तराजुको दुवै तर्फ रहेको दुई देवी मध्ये लक्ष्मी भन्दा सरस्वतीलाई हलुका देखाइएको छ

# दूधमति नदीको संरक्षण र विकास कार्य तीव्र गतिमा अघि बढ्दै

**खबर दर्पण समाचारदाता**
**माघ २१ गते, जनकपुरधाम**



मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले दूधमति नदीको संरक्षण र विकासलाई प्रदेश सरकारको गौरवपूर्ण आयोजना भएको उल्लेख गर्दै यसको काम तीव्र गतिमा अघि बढाइने बताएका छन्।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका, महेन्द्रनगरस्थित दूधमति नदीको उद्गमस्थलमा आयोजित "श्री श्री १०८ श्री दूधमति मुण्डन मेला महोत्सव" मा सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले दूधमति नदी लोप हुने अवस्थामा पुगेकाले यसको पुनरुत्थानलाई प्रदेश सरकारले विशेष प्राथमिकता दिएको बताए। उनका अनुसार, दूधमति नदीको उद्गमस्थलदेखि दहसम्मको २९ किलोमिटर क्षेत्रलाई पहिलो चरणमा विकास गर्न २.५ करोड रुपैयाँ बजेट विनियोजन भइसकेको छ। हाल नक्सांकनको काम जारी रहेको र अन्य पूर्वाधार निर्माण चाँडै सुरु गरिने उनले जानकारी दिए।

मुख्यमन्त्री सिंहले यस नदीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न बहुवर्षीय योजना तयार पारिएको उल्लेख गर्दै सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवले पनि परियोजनाबारे जानकारी दिँदै नक्सांकनपछि उत्खनन र सौन्दर्यकरणको काम तत्काल अघि बढाइने जानकारी दिए। उनका अनुसार, दूधमति पोखरीको सौन्दर्यकरण, माता कामधेनु तथा बालस्वरूप माता सीताको मन्दिर, पार्क तथा पोखरीलाई तालको रूपमा विस्तार गर्ने योजना रहेको छ। त्यसैगरी, दूधमति नदीको बहाव क्षेत्रभित्र विभिन्न स्थानमा पार्क तथा मन्दिर निर्माण, नदी किनारमा सडक विस्तार, साथै सिँचाइका लागि ड्याम निर्माण गरिनेछ।

क्षिरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादवले प्रदेश सरकारको यो महत्वाकांक्षी परियोजनालाई नगरपालिका स्तरबाट पूर्ण सहयोग गरिने प्रतिबद्धता जनाए। उनले नदीको विकासले आर्थिक तथा पर्यटकीय प्रगति पनि हुने विश्वास व्यक्त गरे।


खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाइ, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



पाठेघरको मुखको क्यान्सर विरुद्धको
**एच.पि.भी. खोप अभियान २०८१**
२०८१ माघ २२ देखि फागुन ६ गते सम्म
राष्ट्रिय खोप कार्यक्रम

**एच.पि.भी. खोप अभियान कहिले सञ्चालन हुँदैछ ?**

एच.पि.भी. खोप अभियान देशैभर
२०८१ साल माघ २२ गते देखि फाल्गुण ०६ गतेसम्म सञ्चालन हुँदैछ।
तर आ-आफ्नो गाउँटोलमा एच.पि.भी. खोप अभियान सञ्चालन हुने दिन फरक फरक हुनसक्छ।
त्यसैले आफ्नो गाउँटोलमा एच.पि.भी. खोप अभियान कहिले सञ्चालन हुन्छ भनेर थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय नर्स, विद्यालयका शिक्षक शिक्षिका, स्वास्थ्यकर्मी, स्थानीय तहका निर्वाचित जनप्रतिनिधीहरूलाई सोध्नु पर्दछ।

थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर ११११ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**स्वास्थ्य कार्यालय महोत्तरी**
मधेश प्रदेश



# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
✓ फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,